# INTERNATIONAL COMMISSION OF JURISTS

Commission internationale de juristes - Comisión Internacional de Juristas

*" dedicated since 1952 to the primacy, coherence and implementation of international law and principles that advance human rights "*

## COMMUNIQUE DE PRESSE – COMUNICADO DE PRENSA

P R E S S R E L E A S E

**२५ मंसिर २०६६**

**जर्वजस्ती वेपत्ता, यातना तथा हत्यामा आरोपित सैनिक अधिकारीको गिरफ्तारीका लागि नेपाल सरकारलाई आईसिजेद्वारा आग्रह ।**

ईन्टरनेशनल कमिशन अफ जुरिष्ट (आईसिजे) ले संयूक्त राष्ट्रसंघीय शान्तिस्थापना मिशन चाडबाट फिर्ता हुनासाथै मेजर निरन्जन बस्नेतलाई गिरफ्तार गरी दण्डहिनताको अन्त्यका लागि आफ्नो प्रतिवद्धता प्रर्दशन गर्न आज नेपाल सरकारलाई आग्रह गरेको छ । मेजर बस्नेत मैना सुनुवारलाई जर्वजस्ती वेपत्ता पार्ने, यातना दिने तथा १७ फेब्रुअरी २००४ मा भएको निजको हत्यामा आरोपित नेपाली सेनाका चार अधिकारीहरुमध्येका एक हुन् । मैना सुनुवारको मृत शरिर नेपाली सेनाको वीरेन्द्र शान्ती कार्यवाही तालिम केन्द्र, पांचखालको जग्गाभित्रै लुकाएर गाडिएको स्थानबाट मार्च २००७ मा उत्खनन गरिएको थियो ।

अर्न्तराष्ट्रिय समुदाय तथा राष्ट्रिय मानव अधिकार संगठनहरुको दबावमा सन् २००५ मार्चमा नेपाली सेनाले सो घटनाका बारेमा सैनिक अदालतव्दारा छानविन सम्पन्न गराएको थियो र त्यसैको आधारमा सन् २००५ को सेप्टेम्बरमा तीनजना अधिकारीलाई उचित कार्यविधि अवलम्बन गर्न असफल भएको भन्दै ६ महिनाको कैद सजाय सैनिक अदालतले गरेको थियो । सैनिक अदालतले उल्लेख गरेअनुसार,

“बास्तवमा मैना सुनुवारको मृत्यु सोधपुछको क्रममा दिइएको यातनाको परिणामस्वरुप भएको थियो”, र “अनुभवहिन एवम् अदक्ष रुपमा गरिएको त्यस्तो यातनापूर्ण व्यवहार अमानवीय थियो” ।

तत्पश्चात सन् २००५ को डिसेम्बरमा नेपाली सेनाको कानून कार्यान्वयन कार्यालयले मानव अधिकार उच्चायुक्तको कार्यालयलाई उक्त अधिकारीहरु “स्थापित कार्यविधि तथा आदेशको पालना नगरेकोमा” दोषि पाईएको भनि सुनिश्चित गरेको थियो ।

सन् २००५ नोभेम्बर महिनाको जाहेरी दरखास्तमा उल्लेख गरिएका चारजना अधिकारीहरुलाई म्याद तामेल गर्न तथा प्रहरी अनुसन्धानमा सहयोग गर्न र उक्त मुद्दामा सेना आफैले गरेको अनुसन्धानको विवरण प्रकट गर्न नेपाली सेनाले अस्विकार गरेको थियो । सन् २००६ को मे महिनामा नेपाली सेनाको कानूनी विभागका रथि वि.ए. कुमार शर्माले सैनिक अदालतले ति चार जना अधिकारीविरुद्ध संजाय तोकिसकेको हुनाले “उनिहरुविरुद्ध कार्यवाही शुरु गर्नु कानुनसम्मत नहुने” का अनुसन्धानमा संलग्न प्रहरीलाई वताएका थिए ।

नेपाली सेनाको विशिष्ट एकलौटी सैनिक अधिकारक्षेत्रको दावीलाई चुनौति दिदैं मैना सुनुवारकी आमा, देवि सुनुवारले जाहेरी दरखास्त दर्ता गराईन् र प्रहरी अनुसन्धानको र आरोपीहरुलाई गैरसैनिक न्यायालयमा पुर्पक्ष गरिनुपर्ने माग गर्दै सर्वोच्च अदालतमा परमादेशको रिट हालीन । सन् २००७ को

सेप्टेम्बर महिनामा सर्वोच्च अदालतले महान्यायाधिवक्ता कार्यालयको नाममा अनुसन्धान गर्न तथा काभ्रे जिल्ला अदालतमा मुद्दा चलाउन आदेश जारी गऱ्यो । सन् २००८ को जनवरी महिनामा महान्यायाधिवक्ताको कार्यालयले जिल्ला अदालतमा अभियोगपत्र ~~मुद्दा~~ दायर गऱ्यो । मेजर वस्नेत तथा तीन अन्य अधिकारी (कर्णेल बबी खत्री, क्याप्टेन सुनिल प्रसाद अधिकारी र क्याप्टेन अमित पुन) विरुद्ध पक्राउ पुर्जी तथा समाह्वान जारी गरियो । ति मध्ये कुनै पनि पक्राउ पुर्जीको कार्यान्वयन गरिएको छैन ।

सन् २००९ को सेप्टेम्बर १३ मा काभ्रे जिल्ला अदालतले नेपाली सेनाको कानून कार्यान्वयन अधिकारीलाई मेजर बस्नेतलाई सेवाबाट निलम्बन गर्न  तथा तथा सैनिक अदालतसमक्ष गरिएको सवै साक्षिका वकपत्रहरु उपलब्ध गराउन तथा जिल्ला सरकारी वकिलको कार्यालयलाई आरोपित तथा साक्षिहरुलाई अदालतसमक्ष उपस्थित गराउन आदेश दियो । यि आदेशहरुको पनि उपेक्षा गरियो ।

"एउटा १५ वर्षे वालीकालाई सैनिक व्यारेकभित्र दिइएको यातना तथा हत्याको झण्डै ६ वर्ष पश्चातपनि आरोपित दोषिहरु कानूनभन्दा माथि नै राखिएका र अभियोजनबाट जोगाइएका छन् । मेजर बस्नेतको त झन पदोन्नती गरिएको छ र समुन्द्रपार शान्तिस्थापना सेवामा पठाई पुरस्कृत गरिएको छ", आईसिजेका एशिया प्रशान्त निर्देशक रोजर नोरम्याण्डले भन्नु भएको छ ।

उक्त अपराधमा संलग्न भनि आरोपलागे पश्चात पूर्व क्याप्टेन बस्नेतको मेजरमा पदोन्नती भएको थियो र निजलाई चाडस्थित संयुक्त राष्ट्रसंघीय शान्तिस्थापना मिशनमा खटाईएको थियो । प्राप्त सुचनाअनुसार गम्भीर प्रकृतीको मानव अधिकार हननमा निजको संलग्नताप्रति संयूक्त राष्ट्र संघले सार्वजनिक रुपमा सरोकार ~~चासो~~ देखाएका कारण निज नेपाल फर्कदैछन ।

"मैना सुनुवारको मुद्दामा, न्यायको लागि एउटा परिवारले गरेको संर्घषले नेपालमा व्याप्त मानव अधिकारको गम्भिर उल्लंघनमा भएको दण्डहिनताको सस्कृतिको व्यापकतालाई संकेत गर्दछ, आईसिजेका कानूनी सल्लाहकार गोविन्द शर्मा बताउछन । "पिडितलाई न्यायिक उपचार प्रदान गनु सरकारको प्रमुख कार्य हो, चाहे त्यस्तो उल्लंघन माओवादिबाट भएको होस वा नेपाली सेनाबाट भएको होस् ।"

यस मुद्दालाई अन्त्य गर्न नेपाली सेनाको आन्तरिक अनुसन्धाननै पर्याप्त रहेको नेपाली सेनाको दावि छ । तथापि, अर्न्तराष्ट्रिय कानून अनुसारसैनिक न्यायालयको विशेष क्षेत्राधिकार सेनासंगसम्बन्धीत विशिष्ट कसुरहरुकोलागी मात्र उचित हुन्छ । स्वतन्त्रता, निस्पक्षता तथा न्यायिक उपचार पाउने पिडितको अहरणीय अधिकार सुनिश्चित गर्नका लागि जर्वजस्ती वेपत्ता पार्ने, यातना तथा गैरन्यायिक हत्याजस्ता मुद्दाहरु गैरसैनिक अदालतमै पूर्पक्ष गरिनुपर्ने हुन्छ । यो मान्यता अर्न्तराष्ट्रिय कानूनका थुप्रै मान्य श्रोतहरुमा उल्लेख छन् भने *दण्डहिनताको अन्त्यसम्बन्धी कार्यहरुको माध्यमद्वारा मानव अधिकारको संरक्षण तथा सर्म्बधनका सिद्धान्तहरु*को संयूक्त राष्ट्रसंघिय अद्यावधिक संकलनमा स्पष्टरुपमा समाविष्ट गरिएको छ (२९औं सिद्धान्त) ।

सन् २००६ मा भएको सैनिक ऐनको संशोधनले बलात्कार तथा हत्यालाई सैनिक अदालतहरुको क्षेत्राधिकारबाट बाहिर राखेको (दफा ६६), र कसको क्षेत्राधिकार रहने भन्ने कुरा निश्चित नभएको अवस्थामा गैरसैनिक अदालतको क्षेत्राधिकार रहने भन्ने उल्लेख गरेको छ (दफा ६९) । सन् २००४ को डिसेम्बर महिनामा सम्पन्न आफ्नो भ्रमणपश्चात जर्वजस्ती वेपत्तासम्बन्धी संयूक्त राष्ट्रसंघीय कार्यदलले जर्वजस्ती वेपत्ता पार्ने कार्यलाई सैनिक न्यायाधिकरणको क्षेत्राधिकारबाट हटाउन सरकारलाई आग्रह गरेको थियो ।

"जर्वजस्ती वेपत्ता पार्ने अपराधसम्बन्धी यस प्रतिनिधिमुलक मुद्दामा न्यायालयको स्वतन्त्रता कायम गर्नका लागि आईसिजे नेपाल सरकारसमक्ष आग्रह गर्दछ । जुनसुकै ओहदा र हैसीयत भए पनि कानून सवैलाई समान रुपमा लागु हुन्छ भन्ने सिद्धान्तमा नै शान्ती प्रकृयामाथिको विश्वास, तथा लोकतन्त्रीक शासनको कानूनी आधार अडेको हुन्छ," रोजर नोरम्याण्डले बताउनु भयो ।

थप जानकारीका लागि कृपया सम्पर्क गर्नुहोस् :

जोन टेनेला (काठमाडौं) : + ९७७ १ २२१०४१३
गोविन्द शर्मा, कानुनी सल्लाहकार (काठमाडौं) : + ९७७ १ २२१०४१३